# गौरादह नगरपालिका कार्यालय

## सवारी साधन खरिद गर्न बोलपत्र आह्वान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७१/०९/१२)

यस कार्यालयको चालु आ.व. को कार्यक्रम अनुसार १ (एक) थान सवारी साधन (जीप) खरिद गर्नु पर्ने भएकोले देहायका शर्तहरुको अधिनमा रहि यो सुचना प्रकाशित मितिबाट ३० दिन भित्रमा सवारी साधन उत्पादक, फर्म, डिलर तथा आपूर्ति कर्ताहरुबाट गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

**शर्तहरु**

१. बोलपत्र खरिद गर्न इच्छुक सवारी साधन उत्पादक, फर्म, डिलर तथा आपूर्तिकर्ताले सवारी साधन उत्पादन तथा बिक्री बितरण गर्न नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भई अद्यावधिक नविकरण भएको अनुमती पत्र, स्थायी लेखा नम्बर तथा मुल्य अभिवृद्धिकर प्रमाण पत्र, आ. व. २०७१/२०७२ को कर चुक्ता प्रमाण पत्र र बोलपत्र दस्तुर रु.१००० (फिर्ता नहुने) यस कार्यालयको राजस्व शाखामा बुझाई सूचना प्रकासित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र (खरिद गरिने सवारी साधनको स्पेसिफिकेसन समेत) खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको बोलपत्र सूचना प्रकाशन भएको मितिले ३१(एकतिसौं) दिनको १२.०० बजे सम्ममा यस कार्यालयको नाममा सम्वोधन गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना स्पष्ट खुलाई, सहि छाप गरि शिलबन्दी बोलपत्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोहि दिन दिनको २:०० बजे बोलपत्रदाताका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । बोलपत्रदाताका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र जमानत बापत कबोल रकमको २.५% ले हुने अंक यस कार्यालयको रा. वा. बैंक दमकमा रहेको खाता नं. २१४०३०३०००३१७ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल सरकार बाट मान्यता प्राप्त वाणिज्य बैंकहरु बाट यस कार्यालयको नाममा जारी भएको (बोलपत्र बुझाउने अन्तिम मितिबाट कम्तिमा ९० दिन म्याद भएको) विडवण्ड बोलपत्र साथ सम्लग्न हुनुपर्नेछ ।

४. कबोल गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएकोमा स्पष्टसंग दस्तखत भएको हुनपर्नेछ ।

५. आपूर्ति गरिने सवारी साधन बोलपत्र फारमसाथ प्राप्त हुने स्पेसिफिकेसनमा उल्लेखित सबै मापदण्डहरु पुरा भएको हुनुपर्नेछ ।

६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । छुट दिने कुरा बाहेक शर्त राखि म्याद नाघी तथा रित नपुगी पेश भएको बोलपत्र लाई मान्यता दिइने छैन

७. एक फर्मको नाउँमा खरिद गरिएको बोलपत्र अर्को फर्मको नाउँमा दाखिला गर्न पाइने छैन ।

८. बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यस पछि कार्यालय खुल्ने पहिलो दिनमा उक्त कार्यहरु गरिनेछ ।

९. यस सूचनामा उल्लेख नभएका विषयको सम्वन्धमा प्रचलित कानुन तथा यस कार्यालयको निर्णय वमोजिम हुनेछ ।

१०. यो सुचना यस कार्यालयको वेवसाईट www.gauradaha mun.gov.np मा समेत हेर्न सकिने छ ।

११. यस सम्वन्धि अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

कार्यकारी अधिकृत

राजधानी दैनिक मिति - २०७१/०९/१२

कार्यकारी अधिकृत